मिति २०८१/१२/२८ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरण

सि.नं.	प्रतिवादीहरु	मुद्दा	आयोगको मागदावी	विशेष अदालतको फैसला र आधार	आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु
२	बसन्त मल्ल, मधुवनलाल श्रेष्ठ, छविरमण अधिकारी, मधुरलाल सिन्या, रिता बादे श्रेष्ठ, लोकेन्द्रमान कर्माचार्य, भरतकाजी श्रेष्ठ, प्रदिप बहादुर कर्माचार्य, दुर्गादत्त जोशी, रामचन्द्र बसौला, बिकास श्रेष्ठ, प्रमोद भट्टराई, ऋषिराज भट्ट, राजु पोखरेल र मनोज कुमार भेट्टवाल (विशेष अदालतको मुद्दा नं.	**भष्ट्राचार (रकम हानी नोक्सानी समेत)**	**प्रतिवादीहरु बसन्त मल्ल, मधुवन लाल श्रेष्ठ, मधुरलाल सिन्या, रिता वादे श्रेष्ठ, छविरमण अधिकारी, भरतकाजी श्रेष्ठ र लोकेन्द्रमान कर्माचार्यले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ अनुरुपको कसुर भएको हुँदा निज प्रतिबादीहरुलाई निजहरुले हिनामिना गरेको सार्वजनिक संस्थाको सम्पत्तिको विगो रु.१११,१५८,७७१।५४ कायम गरी उक्त विगो ऐ.दफा १७ बमोजिम नेपाल क्रेडिट एण्ड कमर्स बैक लि. लाई भराइ सोही दफा १७ मा उल्लेख भएबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम जरिवाना गरी दफा ३ को उपदफा (१) को देहाय खण्ड (झ) बमोजिम कैद समेत गरी पाउनमाग दाबी लिइएको। **प्रतिवादी राजु**	**फैसलाः** प्रतिवादीहरुलाई अभियोग मागदावी सफाई दिने ठहर गरी फैसला भएको। **विशेष अदालतले फैसला गर्दा लिएका आधारः** **(क)** प्रतिवादीहरुले आरोपदावीको कसूर गरेकोमा ईन्कारी वयान गरेको देखिएको, **(ख)** ऋण प्रवाहको कैफियत एवम् ऋण असूलीका सम्बन्धमा यिनै प्रतिवादीहरु समेत उपर सक्षम अदालतमा मुद्दाहरु बिचाराधिन	**उल्लिखित आधारहरुलिई विशेष अदालत काठमाण्डौबाट प्रतिवादीहरुलाई आरोप मागदावीबाट सफाई दिने गरी भएको फैसला देहायका आधार, कारणहरुबाट सो हदसम्म बदरबागी रहेको छ** **क.** इनोभेटिभ कन्सेप्ट नेपाल प्रा.लि.का संचालक मनोज कुमार भेट्टवाललाई व्यापारिक कर्जा शीर्षकमा कर्जा प्रवाह गर्दा चार किल्ला प्रमाणितमा पैनी उल्लेख भई धितो अयोग्य जग्गालाई धितो मूल्याङ्कन गरी गराई एवं महेन्द्र राजमार्गमा पर्ने देखिएको जग्गाको राजमार्गको मापदण्डमा पर्ने जग्गा नकटाई पुरैजग्गाको गलत मूल्याङ्कन गरी, ऋणीको हैसियत, कारोबारको अवस्था, धितो जग्गाको वस्तुस्थिति, सो धितोले माग गरेको कर्जा रकम खाम्न सक्ने नसक्ने अवस्था समेतको विश्लेषण नगरी रु.५,००,००,०००।– कर्जा स्वीकृत गरेकोमा उक्त कर्जा नियमित नभई रहेको अवस्थामा नविकरण समेत गरी गराई सावाँ रु.४,९८,००,०००।०० र व्याज रु.६,१३,५८,७७१।५४ समेत गरी जम्मा रु.११,११,५८,७७१।५४ नोक्सान पुर्यातएको भन्ने आरोप रहेको प्रस्तुत मुद्दामा, उक्त कर्जा लगानी भएको तत्कालिन रोयल मर्चेन्ट बैंकिङ एण्ड फाइनान्स लिमिटेडमा लगानी रहेको नागरिक लगानी कोष, नागरिक लगानी कोष ऐन, २०४७ अन्तर्गत स्थापित एक वैधानिक संस्था हो, जसमा नेपाल सरकारको स्वामित्व एवं लगानी रहेको एक सार्वजनिक वित्तीय संस्थाको रूपमा रहेको छ। यसले देशको आर्थिक विकासमा योगदान पुर्यागउन पूँजी बजारको गतिशील विकाससँगै कोष विस्तार र लगानीका अवसरहरू बढाउन जनतालाई बचत गर्न प्रोत्साहित गर्न विभिन्न प्रकारका अवकाश योजनाहरू/कार्यक्रमहरू साथै विभिन्न एकाइ योजनाहरू र म्युचुअल फन्ड कार्यक्रमहरू सञ्चालन र व्यवस्थापन गर्दछ। यसर्थ नागरिक लगानी कोष नेपाल सरकारको सार्वजनिक संस्थान भएको र उक्त संस्थाबाट लगानी हुने रकम सार्वजनिक कोष हो भन्ने तथ्य पुष्टि हुन्छ। प्रस्तुत मुद्दामा प्रतिवादी छविरमण अधिकारी नागरिक लगानी कोषमा २०६७ साल देखि उप व्यवस्थापकको रुपमा कार्यरत रहेको देखिन्छन् भने निज प्रतिवादी नागरिक लगानी कोषको लगानी रहेको सावित रोयल मर्चेन्ट बैंकिङ एण्ड फाईनान्स लिमिटेडमा कोषवाट प्रतिनिधि संचालक सदस्य पदमा खटी सो को समेत जिम्मेवारी निर्वाह गर्दै आएकोमा उक्त फाइनान्स, रारा बिकास बैंक र अपि फाईनान्स लिमिटेडको मर्जर पश्चात बनेको एपेक्स डेभलपमेन्ट बैंक लिमिटेडमा समेत सोही भूमिका निर्वाह गर्दै आएको भन्ने तथ्य निज प्रतिवादीको वयान तथा मिसिल संलग्न कागजातबाट पुष्टि

	०७७-CR-००९२ र फैसला मिति २०८०/११/१०)		**पोखेलले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुर गरेको पुष्टि भएको हुँदा निजलाई सोही दफा १९ को उपदफा (२) बमोजिम सजाय गरी पाउन तथा प्रतिबादी मनोज कुमार भेटवाल, विकास श्रेष्ठ, प्रदिप बहादुर कर्माचार्य, प्रमोद भट्टराई, दुर्गादत्त जोशी, रामचन्द्र बसौला र ऋषिराज भट्टले प्रतिबादीहरु बसन्त मल्ल, मधुवन लाल श्रेष्ठ, मधुरलाल सिन्या, रितावादे श्रेष्ठ, छविरमण अधिकारी, भरतकाजी श्रेष्ठ र लोकेन्द्रमान कर्माचार्यको मत सल्लाहमा लागि सार्वजनिक संस्थाको सम्पत्तिको बदनियत तथा लापरवाही गरी हिनामिना तथा हानि नोक्सानी गर्ने कार्यमा संलग्न भएको कुरा पुष्टि हुन आएको र उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरको मतियार हुने कसुर भएकोले **प्रतिबादीहरु विकास श्रेष्ठ, प्रदिप बहादुर कर्माचार्य, प्रमोद भट्टराई,**	रहेको तथा कतिपय मुद्दामा ऋण असूली न्यायाधिकरणबाट फैसला समेत भई ऋण असूली प्रक्रियामा रहेको देखिएको र सो ऋण प्रवाह गर्दा प्रतिवादीहरुको बदनियत रहेको भन्ने आरोपदाबी मिसिल संलग्न प्रमाण कागजातबाट पुष्टि हुन आएको नदेखिएको।	भएको अवस्था छ। **ख.** नागरिक लगानी कोषको समेत लगानी रहेको साविक रोयल मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लि. दरबारमार्ग शाखाबाट प्रवाह भएका अधिकांश कर्जाहरुमा कर्जा प्रवाहसम्बन्धी न्यूनतम मापदण्डहरु समेत नअपनाई अनियमित तवरले कर्जा प्रवाह भएको, मर्जरमा जाने सहमतिपत्रमा हस्ताक्षर गरेपश्चात लापरबाही ढंगबाट अस्वभाविक रुपमा ठूलो मात्रामा कर्जा प्रवाह गरेको, संचालकहरु, नि. कार्यकारी अधिकृत, शाखा प्रबन्धक, व्यवस्थापन समितिमा रहेका पदाधिकारीहरु, धितोको स्थलगत निरीक्षण गर्ने कर्मचारीहरु एवं धितो मूल्याङ्कनकर्ता र ऋणीले एकापसमा मिलेमतो गरी ऋणीको व्यावसाय नवीकरण नभएको, कर चुक्ता प्रमाणपत्रमा नोक्सान देखिएको, स्टक तथा रिसिभेवलको हाइपोथिकेसन तमसुक नभएको, व्यावसायिक सामानको विमा नगरिएको तथा व्यावसाय निरीक्षण प्रतिवेदन नभएको, व्यावसाय संचालनमा रहेको विश्वसनीय आधार नभएको र ऋणीको नरहे नभएको वित्तीय विवरणको आधारमा, धितो अयोग्य जग्गालाई धितोमा मूल्याङ्कन गर्ने तथा राजमार्ग मापदण्डमा पर्ने जग्गाको सो मापदण्डमा पर्ने जग्गा नछुट्टाई पूरै जग्गा मूल्याङ्कन गर्ने तथा कमसल धितोलाई अधिक मूल्याङ्कन गर्ने, कार्यालयमै बसी उपत्यका बाहिरको धितो मूल्याङ्कन प्रतिवेदन तयार गर्ने, स-साना टुक्रामा जग्गाहरु खरिद गर्न लगाई कर्जा बढाउने, ऋणीको एकल धनजमानीमा कर्जा तमसुक तयार गर्ने, एकै दिनमा कर्जा निवेदन, धितो निरीक्षण, जग्गा खरिद, रोक्का, कर्जा जोखिम विभागको प्रतिवेदन, कर्जा सिफारिस, कर्जा स्वीकृति गरी कर्जा प्रवाह गर्ने, कर्जा नियमित बनाउन प्रक्रिया नपुगेको अवस्थामा नवीकरण गर्ने समेतको कर्जाको दुरुपयोग गरेको भन्ने तथ्य पुष्टि भईरहेको अवस्थामा सो तर्फ कुनै विश्लेषण नगरी प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला त्रुटीपूर्ण हुँदा उक्त फैसला बदरभागी छ। **ग.** साविक एपेक्स डेभलपमेन्ट बैंक लि.मा मर्ज भएको तत्कालिन रोयल मर्चेन्ट बैंकिङ एण्ड फाइनान्स लिमिटेडका संचालक तथा पदाधिकारीहरु एवं कर्मचारीहरु र ऋणी इनोभेटिभ कन्सेप्ट नेपाल प्रा.लि.का संचालक मनोज कुमार भेट्टवाल समेतको मिलेमतोमा इनोभेटिभ कन्सेप्ट नेपाल प्रा.लि. का संचालक मनोज कुमार भेटवाललले कर्जा माग गर्न धितोको लागि पेश गरेको घनेन्द्र प्रसाद खनालको नाममा दर्ता कायम रहेको जिल्ला झापा साविक धुलाबारी गा.वि.स. वडा नं. ७ ख कित्ता नं.१००९, १५३, १५०, १५१ र पर्शुराम खनालको नामको जिल्ला झापा साविक धुलाबारी गा.वि.स. वडा नं. ७ कित्ता नं. ९७९ को जग्गा धितो सुरक्षण राखी रु.५,००,००,०००।- ईनोभेटिभ कन्सेप्ट नेपाल प्रा.लि. लाई कर्जा प्रवाह गरेको मिसिल संलग्न उक्त कर्जा प्रवाह सम्वन्धी फायलको प्रतिलिपी कागजातहरुबाट देखिएको, सो कर्जा प्रवाह गर्दा ऋणीको हैसियत भन्दा बढी ऋण दिएको, धितोको अधिक मूल्याङ्कन गरेको

			दुर्गादत्त जोशी, रामचन्द्र बसौला र ऋषिराज भट्टलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिम ऐ. दफा १७ अनुसार दावी लिईएका कसुरदारलाई हुने सजायको आधा सजाय तथा **प्रतिवादी मनोज कुमार भेटवालले** सार्वजनिक संस्थाबाट ऋण रकम लिई लाभसमेत लिएको देखिँदा निजलाई ऐ. दफा २२ को प्रतिबन्धात्मक बाक्यांशबमोजिम ऐ. दफा १७ अनुसारको कसुर गर्ने प्रतिबादी सरह नै सजाय गरी पाउन मागदावी लिईएको		तथा धितोले कर्जा रकम खाम्न सक्ने नदेखिएको, धितोमा राखेको जग्गाहरुको स्थलगत अनुगमन नगरेको, ऋणीको परिवारको व्यक्तिगत धनजमानी नलिई प्रतिवादीहरुले बदनियत पूर्वक कर्जा प्रवाह गरेको देखिएकोले कारवाहीको लागी पठाईएको भन्ने नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण बिभागको पत्र संख्या ३६६, मिति २०७४।११।२२ को पत्रबाट देखिएको अवस्थामा उल्लिखित प्रमाणहरुको कुनै विवेचना नगरी एकतर्फी रुपमा प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटीपूर्ण छ। **घ.** धितो लिलाम गर्ने प्रक्रियाको लागि धितोमा रहेको जग्गाको पुनः मूल्याङ्कन गर्दा Makalu Engineering Consultancy Pvt. Ltd. का इन्जिनियर रुद्र मैनालीले धितोमा रहेको Plot No १५३ and १००१ is not considered for valuation because in the Plot No १५३ the river is running and Plot No १००१ has only १० feet frontage so it has not been verified. So we cannot considered the Plot No १५३ and १००१ for valuation उल्लेख गरी Plot No १५० को ०-३-१० र Plot No १८५० को १-१०-३ जग्गाको Total Fair Market Value Rs. २,१७,६२,०००/- and Distress Value Rs २,१६,५६,०००/- रहेको भनी मिति ५ जुलाई २०१७ मा प्रतिवेदन दिएको देखिन्छ । नेपाल राष्ट्र बैक, बैक सुपरीवेक्षण विभाग, विशेष निरीक्षण इकाईको पत्र संख्या बै.सु.वि./बि.नि. ३६६/०७४/७५ मिति २०७४।११।०२ को पत्रसाथ संलग्न नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेडको विशेष स्थलगत निरीक्षण प्रतिबेदनको पृष्ठ १३८ र १३९ मा इनोभेटिभ कन्सेप्ट नेपाल प्रा.लि.को कर्जाको कैफियतमा ऋणीको व्यवसाय नवीकरण नभएको, कर चुक्ता प्रमाणपत्रमा नोक्सान देखिएको, स्टक तथा रिसिभेवलको हाइपोथिकेसन तमसुक नभएको, व्यवसायिक सामानको वीमा नगरिएको तथा व्यवसाय निरीक्षण प्रतिबेदन भएकोले व्यवसाय संचालनमा रहेको विश्वासनीय आधार नभएको, व्यवसाय निरीक्षण तथा धितो निरीक्षण प्रतिबेदन फाइलमा नभेटिएको, धितो लिएको जग्गाको चार किल्ला प्रमाणित कागजमा जग्गामा पैनी तथा महेन्द्र राजमार्ग पर्ने देखिएकोले राजमार्ग मापदण्डमा पर्ने जग्गा नकटाई पुरै जग्गाको मूल्यांकन गरिएकोले अधिक मूल्यांकन भएको भन्ने उल्लेख भएको देखिन्छ। ईनोभेटिभ कन्सेप्ट नेपाल प्रा.लि.को कर्जा रकम र सो को साँवा/व्याज समेत गरी बैंकलाई तिर्नु बुझाउनु पर्ने बक्यौता रकम रु.११,११,५८,७७१.५४ देखिने भन्ने समेत व्यहोराको **नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि. को च.नं.५८ मिति २०७७।०८।२५ को पत्रबाट देखिएको** समेतका आधार प्रमाणबाट यी प्रतिवादीहरुले सार्वजनिक संस्था नागरिक लगानी कोषको समेत लगानी भएको उक्त बैङ्कबाट

वदनियतपूर्वक कर्जा प्रवाह गरी सार्वजनिक संस्थालाई हानि नोक्सानी पुऱ्याएको देखिई यी प्रतिवादीहरुले आरोपित कसूर गरेको पुष्टी भएकोमा प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी भएको फैसला मिसिल संलग्न प्रमाण मूल्यांकन तथा विश्लेषणको रोहमा त्रुटिपूर्ण हुँदा बदरभागी छ।

ङ. उक्त ऋण असुलीको विषयमा ऋण असुलीन्यायाधिकरणमा र यसै विषयमा वैकिङ्ग कसूर मुद्दा विशेष अदालतमा समेत दायर भएको देखिएको भनि यी प्रतिवादीहरुलाई प्रस्तुत भ्रष्टाचार मुद्दामा सफाई दिने ठहर गरी फैसला भएको देखिन्छ। एकै कसूर (Same offence) को अवधारणालाई केन्द्रविन्दु मानी दोहोरो खतराको अवस्था निक्यौंल गर्नुपर्ने हुन्छ। ICCPR को Article 14 को Sub Article (7) मा प्रयुक्त "for an offence for which he has already been finally committed or acquitted" वाक्यांशले सोही कसूरलाई नै केन्द्रविन्दु मानेको देखिँदा एकै कसूरको अर्थ "सोही कसूर जसमा सो व्यक्तिलाई पहिले नै सजाय वा सफाई" भएको भन्ने सीधा अर्थमा लिनु पर्ने देखिन्छ। भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कसूर मानिने कुनै कार्य अन्य कानून बमोजिम समेत कसूर मानिने रहेछ भने दुवै कानून बमोजिम अलग अलग मुद्दा चलाउन सकिने गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५९ को खण्ड (क) ले कानूनी व्यवस्था गरेको देखिन्छ। सरकारी ओहदा, सरकारी सम्पत्ति, तथा सार्वजनिक सेवाको दुरुपयोग गरी व्यक्तिगत लाभमा प्रयोग हुनबाट रोक्ने उद्देश्यले यस ऐनको तर्जुमा भएको देखिन्छ। भ्रष्टाचारको विषय अन्य कसूरको विषयसँग दोहोरिन सक्ने (Overlapping) अवस्था रहेकोले अन्य कानून अन्तर्गत कारवाही भइसकेको भन्ने आधारमा मात्र भ्रष्टाचारको कसूर उपचार शुन्य नहोस भन्ने उद्देश्यले उक्त खण्ड (क) को प्रावधान विधायिकाले राखेको देखिन्छ। भ्रष्टाचार निवारण ऐन अन्तर्गतको विधायिकी उद्देश्य प्राप्तिमा कार्यधिगत अवरोध नहोस अर्थात दोहोरो खतराको सिद्धान्त बाधक नबनोस भन्ने यस प्रावधानको आधारभूत उद्देश्य रहेको देखिन्छ। यस सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट"*एउटै तथ्यबाट एक भन्दा बढी कसूर हुन सक्दछन्। यसरी समग्र तथ्य तथा सम्बद्ध कानूनी व्यवस्था एवम् त्यसले प्रदान गर्ने उपचारको व्यवस्था समेतका आधारमा फरक फरक अवस्थालाई प्रतिनिधित्व गरेबाट भ्रष्टाचार मुद्दा र ठगी मुद्दालाई एउटै विषय मात्र नमिल्ने। कसैले कानुनद्वारा निषेधित आपराधिक कार्य गरेको अवस्थामा त्यस्तो कार्यलाई अलग-अलग कानूनले अलग-अलग अपराध मान्दछ भने त्यसलाई एउटै कसूर मानेर एउटा मात्र कानुनअन्तर्गत कारवाही गर्नुपर्ने भनी सीमित तुल्याउन नमिल्ने*" भनि(**महेश चापागाई विरुद्ध नेपाल सरकार, ने.का.प. २०६९, अङ्क ८ निर्णय नं. ८८७४**) प्रतिपादित सिद्दान्त तथा उक्त कानूनी व्यवस्था विपरित हुने गरी **यसै विषयमा अन्य निकायमा मुद्दा चलेको भन्ने आधारमा** यी प्रतिवादीहरुलाई सफाई दिने ठहर

					गरी भएकोप्रस्तुत फैसला त्रुटिपूर्ण हुँदा बदर गरी पाउँ। अतः माथि विवेचित उल्लिखित आधार, कारण र मिसिल संलग्न प्रमाणहरुलाइ हेर्दा यी प्रतिवादीहरु बसन्त मल्ल, मधुवनलाल श्रेष्ठ, छविरमण अधिकारी, मधुरलाल सिन्या, रिता बादे श्रेष्ठ, लोकेन्द्रमान कर्माचार्य, भरतकाजी श्रेष्ठ, प्रदिप बहादुर कर्माचार्य, दुर्गादत्त जोशी, रामचन्द्र बसौला, बिकास श्रेष्ठ, प्रमोद भट्टराई, ऋषिराज भट्ट, राजु पोखरेल र मनोज कुमार भेट्टवाललाई आरोप दावी बमोजिम सजाय हुनु पर्नेमा सफाई दिने गरी भएको फैसला त्रुटीपूर्ण देखिएकाले उक्त फैसला वदर गरी आरोप-पत्र मागदावी बमोजिम कसूर ठहर गरी सजाय गरि पाउँन सम्मानित अदालत समक्ष अनुरोध छ।